# लुम्बिनी च्याम्पियन




**हिमालय टाइम्स**

काठमाडौं, २७ पुस

लुम्बिनी अल स्टार्सले नेपाल टि-२० लिगको च्याम्पियन बनेको छ । त्रिवि क्रिकेट मैदानमा बुधबार भएको फाइनलमा लुम्बिनीले विराटनगर सुपर किंग्सलाई २४ रनले हराउँदै प्रतियोगिताको उपाधि जितेको हो । उपाधिसँगै लुम्बिनीले ५५ लाख र उपविजेता विराटनगरले ३० लाख रुपैयाँ हात पारेको छ ।

जितको लागि १३४ रनको विजयी लक्ष्य पछ्याएको विराटनगरले २० ओभरमा ८ विकेट गुमाउँदै १०८ रन बनाएको थियो । विराटनगरलाई जितको लागि अन्तिम १२ बलमा ३३ रन चाहिएका बेला बलिङमा आएका लुम्बिनीका किशोर महतोले १९ औं ओभरमा ४ रनमात्रै दिएपछि लुम्बिनी च्याम्पियन बनेको हो ।

विराटनगरका ओपनर अर्जुन साउदले ४० बलमा १ चौका र २ छक्कासहित ३४ रन बनाउनुभयो । कप्तान रोहित पौडेल गोल्डेन डक आउट हुनुभयो । हुसेन तालत ८ बलमा २ चौकासहित १३, पृथु बाँस्कोटाले २९ बलमा २ चौका र १ छक्कासहित ३१ रन जोड्नुभयो । लुम्बिनीका सागर ढकालले ४ ओभरमा १९ रन खर्चेर २ तथा हरमीत सिंहले ४ ओभरमा १६ रन खर्चेर २ विकेट लिनुभयो ।

त्यसअघि टियु क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ थालेको लुम्बिनी १९.२ ओभरमा १३३ रनमा आउट भयो । लुम्बिनीको लागि ओपनर लाहिरू मिलान्थाले २८ बलमा ३ चौका र ३ छक्कासहित ४१ रन बनाउनुभयो । ईशान पाण्डे १८, विपुल शर्मा ५, गुलशन झा ३, साड्ली भान स्केलक्विक १, अनिलकुमार शाह ८ र किशोर महतो २ रनमा आउट हुनुभयो ।

विराटनगरका नन्दन यादवले ३.२ ओभरमा २२ रन खर्चेर २ तथा राज नान्ननले ३ ओभरमा २४ रन २ विकेट लिनुभयो । हुसेन तालत, केओन जोशेफ, सूर्य तामाङ र रोहित पौडेलले एक/एक विकेट लिनुभयो । प्रतियोगिताको उत्कृष्ट बलर काठमाडौं नाइट्सका तीव्र गतिका बलर अभिनाश बोहरा चुनिनुभयो । विराटनगरका बायाँ हाते स्पिनर सूर्य तामाङ प्रतियोगिता उदीयमान खेलाडी बन्नुभयो ।

अभिनाश बोहराले ११ खेलमा ३७.५ ओभर बलिङ गर्दै कुल १९ विकेट लिनुभयो । उहाँले उत्कृष्ट बलर वापत दुई लाख ५० हजार रुपैयाँ प्राप्त गर्नुभयो । सूर्यले आठ खेलमा २६.४ ओभर बलिङ गर्दै ११६ रन खर्चेर कुल १२ विकेट लिनुभयो । सूर्यले एक लाख ८० हजार प्राप्त गर्नुहुनेछ ।

विराटनगरका हुसेन तालत प्रतियोगिता सर्वोत्कृष्ट खेलाडी चुनिनुभयो । तालतले १३ खेलमा ३६७ रन बनाउनुको साथै १० विकेट लिनुभयो । तालतले सर्वोत्कृष्ट खेलाडी वापत पाँच लाख रुपैयाँ प्राप्त गर्नुहुनेछ । फार वेस्ट युनाइटेडका हश्मातुल्लाह शाहिदीले १० खेलमा ४ अर्धशतकसहित चार सय रन बनाउँदै बेस्ट ब्याटर चुनिनुभयो । उहाँले दुई लाख ५० हजार प्राप्त गर्नुहुनेछ ।

# आर्मी सेमिफाइनलमा प्रवेश




**हिमालय टाइम्स**

काठमाडौं, २७ पुस

सातौं संस्करणको राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपअन्तर्गत महिलातर्फको खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबले गण्डकी प्रदेशलाई पराजित गर्दै सेमिफाइनलमा स्थान बनाएको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा बुधबार भएको खेलमा आर्मीले गण्डकी प्रदेशलाई ३-० को सोझो सेटमा पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको हो । आर्मीले खेलको पहिलो सेट २५-११ ले जित्यो भने दोस्रो सेट २५-१० को जित निकाल्यो । त्यस्तै, खेलको तेस्रो सेट २५-१५ ले आफ्नो पक्षमा पार्‍यो ।

यस जितसँगै समूह 'बी' मा रहेको आर्मीले दुई खेलबाट ६ अंक जोडेको छ । पराजित गण्डकीको भने यो लगातार दोस्रो हार हो । त्यस्तै, महिलातर्फको समूह 'ए' बाट साबिक विजेता न्यु डायमण्ड युथ स्पोर्ट्स क्लब र नेपाल पुलिस क्लबले सेमिफाइनलको यात्रा तय गरिसकेका छन् । न्यु डायमण्ड युथ स्पोर्ट्स क्लबले एभेरष्ट भलिबल क्लबमाथि २५-७, २५-१० र २५-१२ को सहज जित निकाल्दै ६ अंकका साथ सेमिफाइनलमा स्थान बनाएको हो ।

यस्तै, एपिएफले गण्डकी प्रदेशलाई ३-० को सेटमा पराजित गर्‍यो । एपिएफले गण्डकीमाथि २५-१५, २५-१० र २५-११ अंकको जित निकालेको हो । नेपाल भलिबल संघको आयोजनामा भएको च्याम्पियनसिपको पुरुषतर्फको खेलमा नेपाल पुलिस क्लबले ढोरपाटन भलिबल प्रशिक्षण केन्द्रलाई २५-१२, २५-२० र २५-११ ले पराजित गर्दै ६ अंकका साथ अन्तिम आठमा स्थान सुरक्षित गर्न सफल भएको छ ।

यस च्याम्पियनसिपबाट नेपाल भलिबल संघले फागुनमा आयोजना गर्ने एनभिए राष्ट्रिय महिला तथा पुरुष क्लब लिग प्रतियोगिताका लागि आठ पुरुष र ६ महिला क्लब छनोट हुनेछन् ।

# शुक्रबार एन्फाको आकस्मिक बैठक



**हिमालय टाइम्स**

काठमाडौं, २७ पुस

अखिल नेपाल फुटबल संघ (एन्फा)ले शुक्रबार कार्यसमितिको आपत्कालीन बैठक डाकेको छ । एन्फा महासचिव किरण राईले एन्फा पदाधिकारी तथा सदस्यहरूलाई आपत्कालीन बैठकका लागि मंगलबार पत्र पठाउनुभएको छ । 'अखिल नेपाल फुटबल संघको विधान २०७७ संस्करणको धारा ३९ (२) बमोजिम विशेष परिस्थितिमा कार्यसमितिको आपत्कालीन बैठकमा उपस्थितिका लागि निर्देशानुसार अनुरोध गर्दछु,' महासचिव राईले जारी गरेको पत्रमा उल्लेख छ ।

बैठक शुक्रबार दिउँसो १:०० बजे सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सुरु हुनेछ । कुन-कुन एजेण्डामा छलफल हुने भन्ने विषय पत्रमा उल्लेख नगरिएको एन्फाका एक सदस्यले बताउनुभयो । यस्तै, शहीद स्मारक 'बी' डिभिजन लिग फुटबल चैत १५ गतेबाट सुरु हुने भएको छ । एन्फा र 'बी' डिभिजन क्लबबीच बसेको बैठकले चैत १५ गतेबाट लिग गर्न सहमति गरेको हो । एन्फाले 'बी' लिग क्लबलाई दिँदै आएको तयारी खर्चसमेत बढाएको छ । एन्फाले तयारी खर्चबापत क्लबलाई १४ लाख ५० हजार दिने निर्णय गरेको छ । क्लबले माघ २९ गतेसम्म नाम दर्ता गर्नुपर्ने एन्फाले जनाएको छ । त्यस्तै, चैत ७ गतेसम्म क्लबले कम्तीमा २० खेलाडीको नाम दर्ता गर्नुपर्नेछ ।

# गोलरक्षक श्रेष्ठ मच्छिन्द्रबाटै खेल्ने

**हिमालय टाइम्स**

काठमाडौं, २७ पुस

राष्ट्रिय टोलीका गोलरक्षक विशाल श्रेष्ठले लिग च्याम्पियन मच्छिन्द्र फुटबल क्लबबाटै 'ए' डिभिजन लिग खेल्नुहुने भएको छ । मच्छिन्द्रले बुधबार सामाजिक सञ्जालमार्फत् गोलरक्षक विशालसँगको सम्झौता नवीकरण गरिएको जनाएको हो । यसअघि मच्छिन्द्रले राष्ट्रिय टोलीका फरवार्ड विमल घर्तीमगर, मिडफिल्डर सुजल श्रेष्ठ र डिफेन्डर देवेन्द्र तामाङसँगको सम्झौता नवीकरण गरिसकेको छ ।




मिडफिल्डर पुजन उपरकोटी र प्रशान्त अवस्थीलाई नयाँ सिजनका लागि क्लबमा अनुबन्ध गरिसकेको छ । नयाँ सिजनको 'ए' डिभिजन लिग फागुन १९ गतेबाट सुरु हुँदैछ । त्यसबाहेक नवप्रवेशी क्लब एफसी खुमलटारले चार खेलाडीसँग सम्झौता नवीकरण गरेको छ । खुमलटारले डिफेन्डर आशिष श्रेष्ठ, डिफेन्डर आशिष सुनाम, दिवस छन्त्याल र अजित लामाको सम्झौता नवीकरण गरिएको जनाएको छ ।

# राष्ट्रिय भलिबल खेलाडी रेश्मा सम्मानित

**हिमालय टाइम्स**

काठमाडौं, २७ पुस




राष्ट्रिय भलिबल खेलाडी रेश्मा भण्डारीलाई कमला कार्की स्मृति प्रतिष्ठानले आफ्नो आठौं स्मृति दिवसमा सम्मान गरेको छ । राष्ट्रलाई विभिन्न क्षेत्रबाट सेवा गर्दै आएका व्यक्ति तथा संस्थाहरूलाई प्रत्येक वर्ष सम्मान गर्दै आएको प्रतिष्ठानले खेलकुद क्षेत्रबाट राष्ट्रको मान, सम्मान र प्रतिष्ठा अन्तर्राष्ट्रियस्तरमा उचो पार्न विशेष योगदान गरेबापत भलिबल खेलाडी रेश्मालाई नगदसहित सम्मान गरेको हो ।

प्रतिष्ठानले भलिबल खेलाडी रेश्मालाई नगद १५ हजार एक रुपैयाँ र प्रशंसापत्र प्रदान गरी सम्मान गर्‍यो । नेपालमा भएको १३ औं दक्षिण एसियाली खेलकुदमा रजत जित्दा तथा बंगलादेशमा भएको एभिसी सेन्ट्रल जोन भलिबलको पहिलो संस्करणमा नेपालले स्वर्ण जित्दा रेश्मा टोलीकी सदस्य हुनुहुन्थ्यो ।

प्रतिष्ठानले भलिबल खेलाडी भण्डारीसँगै विभिन्न क्षेत्रमा योगदान पुर्‍याउनेलाई सम्मान गर्नेक्रममा पत्रकारितातर्फ द राइजिङ नेपालकी मञ्जिमा ढकाल, कलाकारतर्फ सितारवादक सीतामैया राजवललाई सम्मान गर्‍यो । दुवैलाई जनही १५ हजार एक रुपैयाँ, प्रशंसापत्र प्रदान गरियो । त्यस्तै, ज्येष्ठ नागरिकतर्फ चन्द्रागिरि नगरपालिकाकी जनमाया महर्जन र पम्फादेवी कटुवाललाई प्रतिष्ठानले नगद १५ हजार एक रुपैयाँ र प्रशंसापत्र प्रदान गर्दै सम्मान गर्‍यो ।

संस्थातर्फ रेनुका दुलाल स्मरण प्रतिष्ठानका अध्यक्ष चन्द्र दुलाल सम्मानित हुनुभएको थियो । प्रतिष्ठानले दुलाललाई सामाजिक क्षेत्रमा पुर्‍याएको विशेष योगदानका लागि नगद एक लाख एक रुपैयाँ र प्रशंसापत्रसहित सम्मान गरेको हो । उहाँहरूलाई माइती नेपालकी अध्यक्ष सिएनएन हिरो अनुराधा कोइराला, चन्द्रागिरि नगरपालिकाका मेयर घनश्याम गिरी, प्रदेश सांसद रामकृष्ण चित्रकार, प्रतिष्ठानका अध्यक्ष मोहन कार्कीलगायतले नगद, प्रशंसापत्र प्रदान गर्नुभयो ।


**Invitation for Bids**

**Bagmati Rural Municipality**

**Office of Rural Municipal Executive,**

**Bhattedanda, Lalitpur**

**Invitation for Bids No.: BAGL/NCB/WORKS/079/080-06**

Date of publication: 12-01-2022

1. **Bagmati Rural Municipality** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Ghusel Water Supply Project (construction of Reservoir, Pipelines, and others.) under National Competitive Bidding procedures. The estimated amount for the works is (in NRs) **9430698.46** (Exclusive of VAT and Contingencies)
2. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit a non-refundable fee of **NRs. 3000.0** for the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank: Kumari Bank Ltd.**

   **Name of the Office: Bagmati Rural Municipality**

   **Office Account no: 0790034694200007**

   **Rajaswa (revenue) Shirshak no: GA-03**
3. Pre-bid meeting shall be held at the date and time given in the bid document.
4. Sealed or electronic bids must be submitted to the office Bagmati Rural Municipality, Bhattedanda, Lalitpur, Nepal by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before **12-02-2023 12:00.** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **12-02-2023 13:00** at the office of Bagmati Rural Municipality Bhattedanda, Lalitpur, Nepal. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **NRs. 250000**, which shall be valid for **30 days** beyond the validity period of the bid.



**रैनादेवी छहरा गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

छहरा, पाल्पा

**आशय पत्र सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०९/२८**

यस कार्यालयको मिति २०७९/०८/२६ गते तेस्रो पटक हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा www.bolpatra.gov.np/egp समेत प्रकाशित सूचना अनुसार रीतपुर्वक पर्न आएका बोलपत्र मध्ये तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का नं | आयोजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक(मु.अ कर बाहेक) |
|---|---|---|---|
| RRM/PAL/NCB /W/04-079/80 | Construction of Rainadevi Temple | श्री शिशिर वर्षा कन्स्ट्रक्सन प्रा.लि., रामापुर , रुपन्देही | रु. ६७,३०,७५६.०० |

**प्रमुख प्रशासकीय अधिकृत**



**थाहा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**ईन्द्रायणी चौर, मकवानपुर**

**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**

प्रकाशन मितिः २०७९।०९।२८

यस नगरपालिकाको मिति २०७९।०२।२५ को राष्ट्रिय दैनिक नया पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक विद्युतीय माध्यमबाट दर्ता हुन आएका बोलपत्रहरु मध्येबाट न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६५ को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैका जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं | बोलपत्र नं | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (मू.अ. कर सहित) रु. |
|---|---|---|---|---|
| 1. | CEN/janakalyan schoolbldg-21/078/79 | Construction of Adminsitrative Building of JanaKalyan Higher secondar school | New K.P.Construction Pvt.Ltd.,New Baneswor, Kathmandu | १,६१,७०,८७२.८५ |